# स्थानीय राजपत्र

परशुराम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः २ मितिः २०८०/२/३१

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

**भाग २**

**स्थानीय सरकार**

## नगर प्रमुख कृषि कार्यक्रम संचालन कार्यविधि -२०८०

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को अनुसूची ८ को सूची नं. १५ को कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी सम्बन्धी तथा सूची नं. १८ को कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण सम्बन्धी कार्यहरु गर्न र यस परशुराम नगरपालिकाका दुर्गम, विकट बस्तिहरुमा रहेका कृषक, कृषक समूह र कृषि सहकारीमा आवद्ध कृषकहरुलाई ससक्त बनाउन, कृषि उत्पादन बढाउन र कृषि सम्बन्धि कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरी ब्यावसायिक रुपले कृषि तथा पशु व्यवसायलाई प्रबर्द्धन गर्न वाञ्छनीय भएकाले,

परशुराम नगरपालिकाको प्रशाशकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

(१) संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्यविधि नाम “ नगर प्रमुख कृषि कार्यक्रम संचालन कार्यविधि -२०८० ” रहेको छ। ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

(२) परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

१) “कर्मचारी” भन्नाले परशुराम नगरपालिकाको कार्यालयका सार्वजनिक पदमा कार्य गर्ने कर्मचारी सम्झनु पर्छ।

२) “कार्यालय” भन्नाले परशुराम नगरपालिकाको कार्यालय र यस कार्यालय अन्तर्गतका विषयगत कार्यालय र वडा कार्यालय समेतलाई सम्झनु पर्दछ।

३) “प्रमुख” भन्नाले परशुराम नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

४) “उपप्रमुख” भन्नाले परशुराम नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ।

४) “प्रमुख प्रशाशकीय अधिकृत” भन्नाले परशुराम नगरपालिकाको प्रमुख प्रशाशकीय अधिकृतलाई सम्भलनुपर्छ।

## परिच्छेद – २
## नगरप्रमुख कृषि कार्यक्रम संचालन क्षेत्र र प्रक्रिया सम्बन्धि ब्यवस्था

३) (१) यस नगर प्रमुख कृषि कार्यक्रमबाट तपशिलका कृषि विकास क्षेत्रमा कार्य गरिने छ।

(क) फलफूल विरुवा खरिद (हिउँदे/ वर्षे)

(ख) च्याउ खेती प्रबर्द्धन

(ग) मौरीपालन ब्यवसाय

(घ) भकारो सुधार कार्यक्रम

(ङ) स्थानीय जातका केरा संरक्षण कार्यक्रम

(च) पकेट क्षेत्र

(छ) बेर्ना उत्पादन

(ज) एग्रोभेट संचालन, कर्मचारी तालिम, कृषि विमा, कृषि यान्त्रिकिकरण

(झ) नर्सरी संचालन ब्यवस्थापन

(ञ) विउ उत्पादन / विउँ बैंक

(ट) शीत भण्डार गृह स्थापना

(ठ) सहकारी खती

(ड) साना सिचाई कार्यक्रम

(ढ) बर्षे सिजन को अमिलो खेती

(ण) मौरी पालन ब्यबशाय / मह उत्पादन

(त) प्लाष्टिक पोखरी, डिप बोरिङ, घैंटो टंकी, थोपा सिचाई (आकासे पानी संकलन) अकासे पानी प्लाष्टिक,पोखरी

(थ) कृषक पाठशाला सन्चालन, आकस्मिक वाली संरक्षण सेवा र संकलन केन्द्र स्थापना

(द) माटो सुधार का लागी माटो परिक्षण शिविर

(ध) कृषि मेला प्रदर्शनी
(न) आधुनिक कृषि औजार खरिद
(प) फलफूल, तरकारी, तेलहन, दलहन बस्तुको उन्पादन
(फ) हाट वजार व्यवस्थापन
(ब) नगदे बाली उत्पादन
(भ) पोषण सुधार का लागि तरकारी किट बितरण
(म) अन्न बाली का उन्नत बिउबिजन सिड , किटमा बितरण,
(य) अन्न बाली उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन, तरिका प्रदर्शन,
(र) तरकारी उत्पादन प्रदर्शन, प्याकेज प्रदर्शन,
(ल) बेमौषमी तरकारी उत्पादन,
(व) नदी का किनारमा बगर तरकारी खेती उत्पादन,
(श) प्लाष्टिक छानो सेट बितरण पूर्ण अनुदान/५० % अनुदानमा,
(ष) आलु खेती व्यबशाय मा सहयोग
(स) नबिनतम बाली उत्पादन मा सहयोग ,
(श) कृषक क्ष्यमता अभिबृद्धि का लागी बिभिन्न बालीमा, अन्न बाली, तरकारी, फलफूल आदी कृषि सम्बन्धि बिषयेक मा कृषक तलिम सन्चालन ,
(ह) कृषक समन्वय समिति गोष्टि सन्चालन,
(क्ष) कृषि उतपादन का लागी कृषक हरु संग परामर्स,
(त्र) कृषक हरु को बली नाली मा समस्या निधान कार्यक्रम सन्चालन ,
(ज्ञ) कृषक समुह सुदिढीकरण कार्यक्रम
(२) यस नगर प्रमुख कृषि कार्यक्रमबाट तपशिलका पशु सेवा क्षेत्रमा कार्य गरिने छ ।
१-डेरि सुधार

२-आनुवंशिक स्रोत संरअण

३-वधशाला निर्माण (बजार क्षेत्रमा)

४-गरिव, एकल महिला बाख्रा वितरण

५- घास काट्ने मेसिन

६-कृषक पाठशाला (-बाखामा)

७-कृषक पशुपालक संग परामर्श सेवा

८-युवा स्वरोजगार (गाई,भैसी कुखुरा,बंगुर पालन, माछा पालनमा सहयोग)

९-व्यवसायिक कृषक लाई ५०% अनुदान

१०-पकेट क्षेत्र सुधार

११-गाई गोठ सुध

१२-घाँस काट्ने मेसिम

१३-गरिबलाई कुखुरा बितरण

१४ -वंगुरका पाठापाठी बितरण

१५ - रागा, साडे, बोका कुखुराको भाले बितरण

१६-कृत्रिम गर्भाधान कार्यक्रम (-गाई,भैसी, बाखा)

१७ -औषधि खरिद

१८- परिजिबि नियन्त्रण

१९ -पशु कृषक समुह गठन

२० -नमुना संप्रेसण - छाला,रगत, गिद्धी, सिरभ ,मासु

२१ पशुजन्य महामारी नियन्त्रण

४. यस कार्यक्रमबाट लाभान्वित हुन चाहने ईच्छुक कृषकहरुले सम्बन्धित नगरपालिकामा सूचिकृत कृषि समूहमा आबद्ध भई कृषि शाखामा समूहको निवेदन दर्ता गर्नुपर्नेछ। समय समयमा कृषि शाखामा सम्पर्क राखी निर्देशानुसार कार्य गर्नुपर्ने छ।

५. कृषि पेशामा निरन्तरता दिदै गएमा कृषक समुह सदस्य /अगुवा कृषकहरुले ब्याबशायिक रुपमा कृषि उत्पादन गरी अर्थिक आय आर्जनमा बृद्धि गर्न सक्नेछन्।

६ . कृषि आधुनिकिकरण खेतीमा कृषक समुह / कृषक सहकारीहरुलाई आकर्षीत गराई एक गाउ एक बाली, पकेट, ब्लकमा कृषि उत्पादन व्यबशायिक रुपले गराउदै, कृषकहरुलाई स्वरोजगार बनाउन सहयोग गरीने छ।

७ .कषक समुह / कृषि सहकारीहरुलाई सामुहीक तरकारी खेती, सामुहिक फलफूल बगैचा स्थापना गर्नमा सहयोग गरीने छ।

८.परशुराम नगरपालिकाका सक्रीय कृषक समुहहरुलाई कृषि उपकरणहरु ५०% अनुदानमा दिईनेछ।

९. कृषि संग सम्बन्धीत बृहत आयोजना बृहत सिचाई आयोजना, कृषि उपज भन्डारण, सित भन्डारण निर्माण गर्दा र अन्य कृषि तथा पशु सम्बन्धि कार्यक्रम अरु कुनै दात्री संघसंस्थासंग साझेदारी काम गर्न म्याचिङ्ग फन्डको रुपमा सहयोग गरिने छ।

१०. स्थानीय स्तरमा केरा, आँप, लिची को बगैचा स्थापना गराई बिरुवा उत्पादन फर्मको स्थापना गर्नमा अगुवा कृषक हरुलाई सहयोग गरिनेछ।

११. कृषि र पशु संग सम्बन्धित कार्यक्रम संचालन गर्ने संस्थालाई नीजहरुको प्रस्तावनाका आधारमा सहयोग गर्न सकिने छ।

१२. ब्यवासायिक कृषि फर्महरुलाई उत्पादनमुखी कार्यहरुमा सहयोग गरीने छ।

## परिच्छेद – ३

## कार्यक्रम परिचालन समिति

### ११. नगर प्रमुख कृषि कार्यक्रम परिचालन समिति गठन

१. देहाय बमोजिमका पदाधिकारी रहने गरी नगर प्रमुख कृषि कार्यक्रम परिचालन तथा ब्यवस्थापन समिति गठन गरिने छः

क. नगर प्रमुख - संयोजक

ख. नगर उपप्रमुख सदस्य

ख. आर्थिक विकास समिति संयोजक - सदस्य

ग. पूर्वाधार विकास समिति संयोजक - सदस्य
घ. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
ङ. नगरस्तरीय कृषक समन्वय समिति र पशुपालन समन्वय समितिको संयोजक एवं प्रतिनिधि सदस्य
च. नगरकार्यपालिकाले तोकेको १ जना नगरसभाको दलित सदस्य
छ.कृषि । पशु शाखा प्रमुख - सदस्य सचिव

१२. समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :
क. नगरपालिकाको निति तथा कार्यक्रममा उल्लेखित र कृषि तथा पशु शाखामा प्राप्त प्रस्तावना अनुसारका योजनाहरु मध्येबाट योजना छनौट गर्ने ।
ख. छानिएका योजनाहरुमा वजेट विनियोजन गर्ने ।
ग. योजना कार्यान्वयनका लागि प्राविधिक सहयोग जुटाउने ।
घ. योजनाको प्रभावकारिताको अनुगमन गर्ने ।
ङ. विज्ञहरुको सल्लाह सुझावहरुका लागि परामर्श कार्यक्रम ।
च. समितिको निर्णानुसार कार्यक्रम गर्ने गराउने ।

**१३. कार्यक्रम परिचालन प्रक्रियाः**
क. समितिको निर्णय अनुसार छनौट योजना कार्यक्रमका लागि सम्बन्धित शाखाबाट निश्चित समयावधि तोकी प्रस्तावना तथा निवेदन माग गरिने छ ।
ख. उपलब्ध प्रस्तावना तथा निवेदन समितिले स्विकृत गरी नगरकार्यपालिकाबाट अनुमोदन गराइ कार्यान्वयन गरिने छ ।
ग. नगरस्तरीय अनुगमन समिति र वडास्तरीय अनुगमन समितिबाट अनुगमन गरिनेछ ।
घ. कृषक समूह, सहकारी संस्था र नीजि क्षेत्रलाई समेत कार्यक्रममा समेटिने छ ।
च छनौट गरिएका कृषकहरुलाई अभिमुखिकरण, संरचना निर्माण, यन्त्र उपकरण र प्रविधी हस्तान्तरण एवं उत्पादनमा आधारीत रही मूल्यांकनको आधारमा योजना सम्पन्न गरिनेछ ।

## परिच्छेद – ४
## विविध

१४. यस कार्यविधिमा कनै संसोधन, परिमार्जन, थपघट गर्नुपरेमा नगरकार्यपालिकाको वैठकबाट गर्न सकिनेछ ।

**प्रमाणिकरण मितिः २०८०/०२/२६**

आज्ञाले
खडानन्द खत्री
प्रमुख प्रशासकीय अधिकृत